For Private Circulation Only

ECHOES
NEPAL

श्री राम चन्द्र मिशन ®

मे २०१४ खण्ड ३, अंक २

# पुज्य बाबुजी महाराजको ११५ औं शुभजन्मोत्सव-२९ र ३० अप्रैल तथा १ मे २०१४





## डि.जे.पार्क, तिरुपुर

उत्सवको तयारी हप्ता अगाडी नै शुरु भईसकेको थियो । समारोह भन्दा पहिलेको सप्ताहान्तमा जव अभ्यासीहरुको प्रवाह स्थलमा आउन थाले पछि वातावरण नै अत्यन्त खुशि र उत्साहमा परिवर्तित हुन शुरु भएको थियो ।

### ध्यानहलमा

ध्यानहल उत्साहपुर्व ढंगले सजाईएको थियो र वावुजी महाराजको ठुलो चित्रले मंचमा प्रभाव पारेको देखिन्थ्यो । हलमा राखिएको ठुलो एल. सि. डि हरुले कार्यक्रमलाई त्यंहा बसेका सवैको नजिकै ल्याईदियो । स्वंय सेवकहरुले अभ्यासीहरुलाई पिउने पानी बितरण गरिरहेका थिए किनभने शरिरमा पानी कम हुन नदिन प्रशस्त पानी पिउन सल्लाह दिईएको थियो ।

तीन दिन सम्म चलेको उत्सव समारोहमा ब्रदर कमलेशले आठवटा सत्सङ्ग संचालन गर्नु भयो किनभने आफ्नो स्वास्थको कारणले गर्दा श्रद्धेय मालिकलाई चेन्नाईमा नै बस्नु परेको थियो । सत्सङ्गहरुले भण्डारामा जम्मा भएका करिव १५,००० अभ्यासीहरुलाई गहिरो रुपमा झंकृत गरेको थियो ।




२९ अप्रिलको दिन सत्सङ्गको लगत्तै पछाडी मार्च २०१४ मा प्राप्त भएका विशेष हिस्पर्सहरु पढिएका थिए । यी सन्देसहरुले ब्रदर कमलेशलाई मालिकको उत्तराधिकारिको रुपमा स्वीकृति तथा निश्चित गरेका थिए । २९ तारिखको दिन बिहान केटाकेटीहरु ले बिभिन्न नयां प्रकाशनहरुको बिमोचन गरे । त्यस पछि ब्रदर कमलेशले Complete Works of Ram Chandra, Vol-4 को वारेमा बोल्नु भयो जसले यो पुस्तकलाई संग्रहित गर्न मेहनत गरे तिनिहरु लाइ









वावुजीले हामीलाई अशिर्वाद दिनुहोस कि मार्गलाई त्रुटी रहित ढंगले विचलन नभई यी सन्देशहरुमा बिश्वासका साथ पालना गर्न सिकौं, हामी स्वंयमा बिश्वास सम्पुर्ण मानवता प्रति प्रेम र सम्पुर्ण जीवनभर प्रेम पुर्वक विकसित हुन सकौं ।

पी. राजगोपालाचारी

धन्यवाद दिनुभयो यस्मा वावुजीले अभ्यासीहरु लाई लेख्नु भएको केहि पत्रहरु तथा केहि लेखहरु समाबेश भएको छन जुन पहिले हिन्दी भाषामा प्रकाशित भएका थिए । प्रचण्ड गर्मिका बाबजुद पनि अभ्यासीहरु कार्यक्रम सम्पन्न नहुञ्जेल सम्म बसिरहेका थिए । ३० तारीखको दिन बिहान ६ बजे को सत्सङ्ग पछि ब्रदर कमलेशले ६ वटा विवाह सम्पन्न गराउनु भयो । केहि छिन बिते पछि मालिक फेरी चेन्नाईवाट भिडियो लिंकको माध्यमवाट आंउनु भयो । यस्ले मालिकको नातिनीले पढ्नु भएको ह्विस्पर्स त्यंहां उपस्थित भएका सवैको लागि प्रशारण गर्न सम्भव भयो । यहि नै लिंक संसार भरकै SRCM को केन्द्रहरुमा उपलब्ध थिए ।






३० तारिखको सांझ दिनभरिको अत्यन्त गर्मिलाई चिसो बतासले स्थानापन्न गर्यो र सिष्टर रञ्जनाको भजनले सवैलाई मालिकको सम्झनामा डुवायो ।

## अन्य गतिबिधिहरु

ZIC, CIC तथा आश्रम प्रबन्धकहरुको एउटा बैठक आयोजना गरिएको थियो र अन्य समुह तथा स्वंयसेवकहरुले पनि बैठक गरेर आफुहरु संलग्न भएको कामको बिषयमा छलफल गरे ।




तीनवटा उमेर समुहका केटाकेटीहरुका लागि ब्यवस्था गरिएका केटाकेटी तथा युवाहरुको केन्द्रमा युवा तथा केटाकेटीहरु बिभिन्न गतिबिधिमा ब्यस्त रहे । त्यो स्थान करिव आठ हजार ओरिगामी शान्तिका क्रेनको चित्र उज्यालो रंगमा कोरेर सजाईएका थिए । ब्रदर कमलेशलाई नंया प्रकाशनको कार्यक्रम उद्घोषण गरेर सघाउनको लागि केटाकेटीहरु मध्यवाट भाग्यशाली चिट्ठाको आधारमा छानियो । उनिहरुले आ-आफ्नो भाषामा उद्घोषण गरे । भण्डारामा २५०० केटाकेटी रजिष्टड भएका थिए । पहिले हुने गरेको ठुलो क्यान्टिनको साथ साथै तीनवटा क्यान्टिनहरु क्याम्पसको छेउमा स्थापना गरिएका थिए ता कि धैरै हिड्नु नपरोस । खाना खाने क्षेत्र, सुत्न बस्नको लागि गाडिएको टेन्ट, ईतिहास दर्शाउने प्रदर्शनी स्थल, फोटो ग्यालरी, टीसर्टहरु भौतिक पुर्वाधारका अंग थिए जुन भण्डाराको सवै कार्यहरु सञ्चालनको लागि निर्माण गरिएका थिए । मालिकको कटेज अगाडि भएको मौन क्षेत्रले वातावरण र मालिकको स्मरणमा रहन उपयुक्त वातावरण सृजना गरेको थियो ।

## वार्ताहरु

भण्डाराको अवधिमा ब्रदर कमलेशले तीन पटक सम्बोधन गर्नु भयो । उहांले नियमित











अभ्यास र वावुजी महाराजको शिक्षामा जोड दिनुका साथै पुनः स्मरण गराउनु भयो । १ महिनाको दिन उहांले दिनु भएको समापन भाषणमा उहांले भन्नु भयो । एउटा तत्व जसले हाम्रो उद्‌भवलाई सुस्त वनाउंदछ त्यो ईच्छा हो र भन्नु भयो कि ध्यान र सतत स्मरणको माध्यमद्धारा हामीले यो अवस्था प्राप्त गर्ने प्रयत्न गर्नु पर्दछ । त्यहा ईच्छाले हामीलाई थप प्रभाव पार्दैन । यो उत्सवलाई ठूलो समारोहका रुपमा सफल पार्न सहयोग गर्ने सवै संयोजक तथा स्वमं सेवकहरुलाई धन्यवाद दिदै उहांले भन्नु भयो " ति सवै आत्माहरु जो अज्ञात रहन्छन् तिनीहरु यस कुरामा सुनिश्चित हुनु पर्दछ कि तिनीहरुको नियति उहांको कोमल हृदयमा सुन्दर ढंगले जोडिएको हुन्छ ।"

## मणपाक्कममा

३५०० भन्दा धेरै अभ्यासीहरु मणपाक्कमा उपस्थित थिए । ध्यानहरुको गेट रंगीचंगि रंगोली र पूलहरुद्धारा सुन्दर ढंगले सजाईएका थिए । २९ र ३० अप्रिल र १ मईको दिन मालिकले ध्यान हलमा विहानको सत्सङ्ग सञ्चालन गर्नु भयो । त्यस दिन उहांले बिभिन्न देशवाट आएका अभ्यासीहरु भेट्नु भयो ।

३० तारिखको दिन मालिकले कटेजमा प्रसाद वितरण गर्नु भयो । उहां उज्यालो र फुर्तिलो देखिनु हुन्थ्यो । सत्सङ्ग पश्चात तिरुपुरमा आयोजित भण्डारासित लाईभ भिडियो लिंक स्थापित गरियो । ३० अप्रिलमा प्राप्त ह्विस्पर्स माधुरी कृष्णाद्धारा पढेर सुनाईयो । त्यस पछि मालिक आफैले बोल्नु भयो । ह्विस्पर सन्देशहरुको उल्लेख गर्दै उहांले उहांहरुको मिशनको निरन्तरताको वारेमा पुनःसुनिश्चितता दोहर्याउनु भयो । उहांले यो भन्नु भयो कि तथापि हामीले आफुलाई वर्तमान सित चासो राख्नु पर्दछ र भबिश्य लाई भबिश्यकै लागि छोडिदिनु पर्दछ उहांले भन्नु भयो "हामीहरु म दोहरयार भन्दछु हामीहरु अहिलेको समयमा जहां छौं त्यसको फाईदा लिनु पर्दछ, जहां प्रकृतिले हामिलाई राखेको छ , आज मिशन जहां उभिएको छ त्यसमा दिईएको अवसरको फाईदा उठाउनु पर्दछ र जुन फाईदा यस्ले हामिलाई प्रदान गर्दछ त्यसलाई नगुमाईकन सवैले प्रेमको भावना लिएर कसै प्रति पनि पुर्वाग्रह नराखि , घृणा नराखी र आलोचना नगरि अगाडी बढ्नु पर्दछ । यो भन्न अत्यन्त सजिलो छ तर तिनीहरुलाई अभ्यासमा ल्याउन धेरै कठीन छ" । मालिकले त्यस पछि सिस्टर मन्दानासित जन्म दिनको केक काट्नु भयो र वावुजी महाराजप्रति अर्पण गर्नु भयो ।

यदि हामी बिकसित भईरहेका छौं भने हामी यहाँ पनि बिकसित हुनु पर्दछ । यो यहाँवाटै सुरु हुन्छ र यहीवाटै अन्त हुन्छ । र यो कसरी शुरुआत हुन्छ ? हाम्रो हृदयमा झन् झन् हलकापन वृद्धि भएर बढी से बढी मानव जातिलाई विना पुर्वाग्रह, बिना घृणा अंगालोमा लिने प्रबृतिलाई बृद्धि गर्नु पर्दछ ।

पि. राजगोपालाचारी





## मणपाक्कमबाट समाचार

## फेब्रुअरी २०१४

### मालिक 'गायत्री'मा" ५-१४ फेब्रुअरी

पाँच तारिखको दिन तिरुभल्लुरको जग्गामा स्वास्थ्य केन्द्र निर्माण शुरु गर्ने योजना बनाइएको थियो । मालिक यात्रा गर्ने स्थितिमा हुनुहुन्थेन । त्यसैले आफ्नो साटो त्यहाँ जान कमलेश भाई तथा ब्रदर पि. आर. कृष्णालाई त्यहाँ जान भन्नु भयो । बिहानको करिव ११ बजे तिर मालिक एउटा सपिङ्ग मलमा जानु भयो र केही खाजा किन्नु भयो र वरिपरिका मानिसलाई आश्चर्य दिन 'गायत्री'" जानु भयो । यद्यपी आश्रममा फर्किएर भाड्ने योजना बनाउनु भएको थियो तर उहाँले योजना परिवर्तन गर्नु भयो र 'गायत्री' मा नै बस्ने निर्णय लिनु भयो ।

### कानपुर आश्रमको निर्माण कार्यको उद्घाटनअ

आइतवार ९ फेब्रुअरी

मालिक विहान धेरै सवेरै तयार हुनु भयो तर उहाँ स्वस्थ महसुस गरिर हनु भएको थिएन । तथापि उहाँले कानपुरका अभ्यासीहरु लाई भिडियो लिंकको माध्यमबाट अभिवादन गर्नु भयो जस्को प्रत्युत्तर उनिहरुले प्रेम र न्यानोपनाले गरे । त्यसको साथसाथै मालिक तरोताजा हुनुभयो र त्यहाँ भेला भएका टोलीहरुलाई सम्वोधन गर्नु भयो । उहाँले जगमा गर्नु पर्ने काम जस्तो : ईंटा ओछ्याउने आदि कामको लागि निर्देशन दिनुभयो । उहाँले तिनीहरुसित कुरा गर्नु भयो । योजनाको बिस्तृत विषयहरु वारे सोध्नु भयो र त्यसपछि भन्नु भयो म तपाइहरुको लागि यहाँबाट सत्संङ्गको शुरुवात गर्दछु र तपाइहरु सवै ध्यान गर्न शुरु गर्न सक्नु हुन्छ ।" त्यसपछि मालिक गायत्रिमा रहेको हलमा औल्याउनु भयो र भेला भएका सवै अभ्यासीहरुको लागि सत्सङ्गको शुरुवात गर्नु भयो । यो सत्संङ्ग करिव एक घण्टा चल्यो त्यसपछि मालिक थकित हुनुभयो र भित्र विश्रामको लागि जानु भयो ।



त्यसै समयमा कमलेश भाईले आश्रममा केहि विवाह सम्पन्न गर्नु भयो ।

### युरोपियन प्रशिक्षकहरुको सेमिनारअ १५-२१ फेब्रुअरी २०१४

१५ तारिखको दिन मालिक उद्घाटन सत्रको लागि मणपाक्कम आउनु भयो । उहाँले डोर्म ए मा सत्संङ्ग संचालन गर्नु भयो । त्यहां प्रशिक्षकहरु भेला भएका थिए त्यसपछि काममा परिस्कृत गर्नुपर्ने विषयमा कुरा गर्नु भयो । उहाँले भन्नु भयो जब हामी प्रशिक्षकको रुपमा हामीले गरेको कामलाई प्रेम गर्दछौ यो काम झन्झन् परिस्कृत हुँदै जान्छ र यो झन् बढी प्रभावकारी हुन जान्छ । उहाँले यस्को थुप्रै उदाहरणहरु दिनु भयो । जब मालिक 'गायत्री' तर्फ फर्किरहनु भएको थियो उहाँले उक्त समुहलाई स-साना समूहमा प्रत्येक साँझमा भेट्न आउँन आमन्त्रण गर्नु भयो ।

### अन्तर्राष्ट्रिय छात्रवृत्ति कार्यक्रम (ISTP)

पन्ध्र तारिखको दिन उहाँले ISTP कार्यक्रमका साथै सहभागी र संयोजकहरुलाई उहाँसित दिवा भोजनको लागि आउन आमन्त्रण गर्नु भयो । सहभागीहरुलाई प्रमाण पत्र वितरण गरिसकेपछि उहाँले सवैले आ-आफ्ने लागि प्लेट लिउन भनेर सुनिश्चित गर्नु भयो सवैलाई खाना लिएर आफुसंग आगनमा आउन भन्नु भयो र पछि साँझमा उहाँ 'गायत्री' तर्फ जानु भयो ।

### आइतवार १६ फेब्रुअरी

बिहान मालिकले विहान गायत्रिमा उपस्थित भएका करिव ६१ जना अभ्यासीहरुको लागि सतसङ्ग संचालन गर्नु भयो । त्यस पछि उहाँ थकित हुनु भयो र केहि औषधोपचारको लागि भित्र जानु भयो ।

साँझमा प्रशिक्षक सेमिनारका करिव ६१ जना अभ्यासीहरु 'गायत्री'मा आए । मालिक तिनीहरुसित हलमा बस्नु भयो र सवैलाई खाना वितरण गरियो । शुरुमा यो एउटा मौन सत्र थियो त्यसपछि एउटी सिष्टरले भ्वाइलिन वजाईन र जव तिनीले स्पन्दनको बारेमा कुरा गरिन् मालिकले भन्नु भयो सवैकुरहरु स्पन्दन् हुन् ।"

जव तिनीले एउटा प्रस्तुती समाप्त गरिन् मालिकले तिनलाइ जार



continued.



ी राख्न भन्नु भयो । यसपछि केही अभ्यासीहरु अगाडि आए र उहाँलाइ पत्रहरु, उपहारहरु अर्पण गरे । त्यसपछि मालिकले केही क्षण कुरा गर्नु भयो । उहाँले युरोप यात्राको स्मरण गर्नु भयो, केही भाषाहरुको बारे मा कुरा गर्नु भयो र कुनै कुनै भाषा बिशेष गरेर स्कान्डिभियन देशका भाषा सिक्न अत्यन्त कठिन भएको कुरा गर्नु भयो ।

यो कार्यक्रम हप्ता भरि नै चलिरह्यो । अभ्यासीहरु बिहान मालिकलाइ भेट्न आउदै थिए र साँझमा उहाँले युरोपियन प्रशिक्षकलाइ भेट्नु हुन्थ्यो जो पचास देखि साठी जना सम्मको समूहमा भेट्न आउदथिए ।

**२४-२८ फेब्रुअरी**

मालिकको स्वास्थ्य दिन प्रति दिन तल माथी भईरहेको छ । विहिवारको राती उहाँको नाती भार्गव दिल्लीबाट आए र त्यसपछिका तीन दिन उहाँ राम्रो भावमा हुनुहुन्थ्यो ।

**'गायत्री'मा मालिक :** १ देखी ९मार्च

## मार्च २०१४

मार्चको

पहिला सप्ताहान्तमा 'गायत्री'मा भार्गवको वसाई मालिकलाई स्वागतयोग्य परिवत न थियो । पुरै परिवार उनिसित केहि समय विताउन समर्थ भयो । दुई तारिखको साँझ दिल्ली फर्किए ।

भार्गव फर्किएपछि मालिक थप एक हप्ता 'गायत्री'मा नै बस्नु भयो । उहाँ पुर्ण रुपमा तनाव रहित हुनुहुन्थ्यो र जव स्वस्थ्य महसुस गर्नुहुन्थ्यो सत्सङ्ग संचालन गर्नु हुन्थ्यो । अति धेरै आगन्तुकहरु नभएकाले मालिकलाई हलुका भईरहेको थियो । हप्ताको अन्तयमा उहाँ मणपाक्कम जान तयार हुनुहुन्थ्यो ।

**मणपाक्कममा आगमन –** सोमबार १० मार्च २०१४

एक महिनाको लामो 'गायत्री'को वसाई पछि मालिक मणपाक्कम फर्कनु भयो । उहाँको स्वास्थ्यमा सुस्त तर स्थिर रुपमा सुधार भईरहेको थियो र उहाँ वरिपरि सुविधापुर्वक हिँडडुल गर्न समर्थ भईरहनु भएको थियो र जव मालिक आश्रम आउनु भयो उहाँ गोल्फकार्टमा वरीपरि डुल्न निस्कनु भयो र मानिसहरुलाई भेटनु भयो तथा विभिन्न निर्माण कार्यहरुको निरिक्षण गर्नु भयो । उहाँ प्रयाप्त रुपमा सिटिङ्ग प्रदान गर्न अभ्यासीहरुलाई भेटन तथा प्रशासनिक कार्यहरु मा समेत संलग्न हुनु भयो । जव पनि उहाँ कटेज अगाडि बस्नु हुन्थ्यो उहाँका वरिपरि अभ्यासीहरुको एउटा समुह भईरहन्थ्यो ।

**मालिकको सत्सङ्ग :** आईतवार १६ मार्च २०१४

विहानको छ बजे नै मालिक तयार हुनु भयो र भन्नु भयो "म आज स्वास्थ महसुस गरीरहेकोछु । एक जना अभ्यासीले उल्लेख गरे कि आज होली हो (रंगहरुको उत्सव) मालिकको अनुहार उज्यालो भयो र भन्नु भयो " म गएर सत्सङ्ग संचालन गर्दछु ।" मालिकले एक घन्टा भन्दा वढिको सत्सङ्ग संचालन गर्नु भयो र फर्किएर कटेजमा आँउनु भयो ।

**गीता सत्र**

व्रदर संस्कृत काननले गीताको विषयमा दिनुहुने प्रवचनको अठारौं अध्याय आज समाप्त हुने अनुमान गरिएको थियो करिव एक घन्टा तीस मिनेटको सत्रमा उहाँले यस अध्यायको विभिन्न श्वलोकहरुको व्याख्या गर्नु भयो । भगवान कृष्णको सन्देशको सार यो थियो कि सबै कुराहरु छोडेर र ममा समर्पण गर । मालिक अत्यन्त ध्यानले सत्रको अवलोकन गरिरहनु भएको थियो । जव अध्याय समाप्त हुन सकेन् यो अर्को हप्तासम्मको लागि सारियो ।

**गृह प्रवेश कार्यक्रमअ :** बुधवार १९ मार्च २०१४





मालिक द्वारका एपार्टमेन्टमा (आश्रमको पछाडी) एउटा गृह प्रवेश कार्यक्रमको लागि आउनु भयो । उहाँ सिधै माथी जानु भयो र त्यस परिवारका मानिसलाई भेटनु भयो तथा जो काममा लागेका थिए सबै लाई प्रसाद दिनु भयो । र तत्पश्चात सत्सङ्गको सञ्चालन गर्नु भयो । करिव चार सय अभ्यासी सत्सङ्गको लागि जम्मा भएका थिए । मालिक आफ्नो ह्वील चेयरमा घरको वरिपरि घुम्नु भयो र त्यस पछी एक तल्ला तल ब्रदर कमलेशको घरमा जानु भयो ।

**ब्रदर कमलेशको घर :** १९-१५ मार्च २०१४

मालिकले त्यहाँ केहि दिनको लागि बस्ने निश्चय गर्नु भयो । सदाको जस्तै अभ्यासीहरु विहान र साँझ आए । मालिक आफ्नो विहानको खाना खाइसकेपछि सत्सङ्ग संचालन गर्नु हुन्थ्यो र साँझमा उहाँ तल आएर त्यस समयसम्म त्यहाँ जम्मा भएका अभ्यासीहरुसित भेटघाट गर्नु हुन्थ्यो जवसम्म उहाँको फिजियो थेरापिको सत्र शुरु हुँदैनथियो । यो कार्यक्रम आइतवार सम्म चल्यो ।

आईतवारको दिन विहान् जव ब्रदर कमलेश सत्सङ्ग संचालन गर्न आश्रम जानु भयो मालिक तल आँउनु भयो र त्यहाँ उपस्थित भएकाहरुको लागि सत्सङ्ग संचालन गर्नु भयो । एउटा लामो सिटिङ्ग पछि मालिक स्पष्ट रुपमा नै थकित देखिनु भयो र साँस फेर्नमा केही कठिनाइ महशुस गर्नु भयो ।

**गीता सत्र :** आइतवार २३ मार्च २०१४

मालिक ब्रदर कमलेशको घरमा हुनु भएकोले आश्रमको ध्यान हलमा भईरहेको गीता सत्र उहाँले हेर्नुहोस भनेर भिडियो सम्पर्क जोडियो । योजना गरीएको यो अन्तिम कार्यक्रम थियो । र यद्यपि मालिक स्वस्थ हुनुहुन्थेन तथापि उहाँ यसमा पुर्ण रुपमा नै डुब्नु भएको थियो । अन्त्यमा घोषणा गरियो कि यस्को एउटा थप सत्र हुनेछ जस्मा गीताको सबै अध्यायहरुको पुनरावलोकन हुनेछ । जस्को समाप्ति पछि प्रश्न उत्तरको सत्र रहनेछ ।

**मालिकको अस्वस्थता:** २३-३१ मार्च २०१४

जस्तो कि मालिक अझै अस्वस्थ महसुस गरिरहनु भएको छ । केहि परिक्षण गरियो तथा औषधि उपचार सुरु गरियो र मालिक कटेजमा फर्किएर आँउन चाहिरहनु भएको थियो तर हिडडूल गर्नको लागि अत्यन्त कमजोर हुनुहुन्थ्यो । उहाँलाई शक्ति संचयन गर्न केहि समय लाग्यो र मार्च २५ मा उहाँ कटेजमा आँउनु भयो ।

## अप्रिल २०१४

अप्रिलको पहिलो दुई हप्ता सम्म मालिक अस्वस्थ रहनु भयो । चिकित्सकहरुका एक समुह कटेजमा उपस्थित रहेका थिए । आगन्तुकहरुलाई पूर्ण रुपमा नै रोकिएको थियो । परिक्षण र उचित औषधोपचार पश्चात मालिकमा सुस्त तर स्थिर सुधार आएको लक्षणहरु देखा पर्न थाले । उहाँ औषधोपचारको कारण लट्ठ परेको देखिनु भयो र प्रसस्त आराम गर्नु भयो । जव उहाँले स्वस्थ महसुस गर्नु भयो मालिक वाहिर आँउन र केहि समय कटेजको अगाडि बाबुजी मण्डपको अगाडी बस्न थाल्नु भयो ।

बरोडाबाट तीन जना सिष्टरहरु आफ्नो परिवार सहित मालिकसित भेटन आँउनु भयो उहाँहरुलाई भेटेर मालिक अत्यन्त खुशि हुनु भयो र उहाँहरुसित केहि समय विताउनु भयो । मालिकले अनौपचारीक कुराकानीमा भन्नु भएका केहि बुँदाहरु ”वास्तविक शक्ति सदैव नै नरम हुन्छ । कमजोरहरु मात्रै कडा हुन्छन् ।”

“स्पष्टसंग देखिने परिवर्तन व्यवहारगत र चरित्रमा आएको सुधार हो ।”

“जव काम घट्दछ जिम्मेवारी वढ्दछ ।”

**तमिल नयाँ वर्ष:** १४ अप्रिल २०१४

मालिक विहान सवेरै उठ्नु भयो र केहि अभ्यासीहरुलाई शुभकामना दिनु भयो । उहाँले ध्यान हलमा सत्सङ्ग संचालन गर्नु पर्ने थियो तर अचानकै अत्यन्त थकित हुनु भयो । सत्सङ्ग रद्द गर्ने निर्णय गर्नु भयो । उक्त दिन उहाँले धेरै मानिसलाई भेट्न सक्नु भएन् ।

**विसु, केरलाको नयाँ :** वर्ष १५ अप्रिल २०१४

मालिक आँगनमा वाहिर आँउनु भयो जहाँ केरलाका करिव अस्सी अभ्यासीहरु र केहि मलयालि अभ्यासीहरु विसु उत्सव मनाउनको लागि भेला भएका थिए । मालिकले ‘विसुकानी’ बनाउने अनुमति दिनु भयो जुन कुरा विसुको दिन सबैभन्दा पहिले हेर्ने कुराहरु हो जस्मा फलफूल तरकारी र एउटा धातुयुक्त ऐना तथा सिक्काहरु जस्ता शुभ बस्तुहरु राखिएका हुन्छन् । त्यसपछि







मालिकले सिटिङ्ग प्रदान गर्नु भयो त्यस पछि ब्रदर कृष्णाले मलयाली भाषामा छोटो वार्ता दिनु भयो । विसुकिमा भएको ऐना देखेर उहाँले टिप्पणी गर्नु भयो कि जव हामी ऐना हेर्दछौं हामीले मालिकलाई आफु भित्र हेर्नु पर्दछ । त्यसपछि मालिकले त्यहाँ जम्मा भएका ब्रदर सिष्टर हरुलाई विसु कैनित्तम प्रदान गर्नु भयो (परम्परागत रुपमा परिवारका अग्रजले परिवारका सबै सद्स्यहरुलाई दिने गर्दछन्) ।

## आईतवार २० अप्रिल २०१४ :

मालिकले ध्यानहलमा सत्सङ्ग संचालन गर्नु भयो । उहाँ विहान ७:१० मा नै हलमा आउनु भयो सत्सङ्ग सुरु गर्नको लागि मालिकले दश मिनेट सम्म प्रतिक्षा गर्नु भयो । सत्सङ्ग पश्चात मालिकले तीनवटा विवाह सम्पन्न गराउनु भयो । जव उद्घोषण गरिन्छ त्यसमा यो प्रचलन नै छ कि उद्घोषण गर्नेले अन्त्यमा मालिक नजाउन्जेल सम्म वसिरहनु होस भनिन्छ । उद्घोषण गर्नेले त्यो भन्न विरसिंएिछन् त्यसैले मालिकले ब्रदर प्रकाशलाई वोलाउनु भयो र उक्त कुरा उद्घोषण गर्न भन्नु भयो । कटेजमा गएपछि मालिकले केहि समय सम्म गीताको सत्र सुन्नु भयो तत्पश्चात विश्रामको लागि जानु भयो ।

## गल्फ सेमिनार २५–३० मार्च २०१४

मध्यपूर्वका देशहरुका करिव चार सय अभ्यासीहरु र एक सय केटाकेटीहरु सेमिनारमा सहभागी भए । २५ तारिखको दिन कमलेशभाईले विहानको ९ बजे सत्सङ्ग संचालन गर्नु भयो र साधनाको महत्वको वारेमा अत्यन्त राम्रो प्रवचन सहित सेमिनारको उदघाटन गर्नु भयो । सबै दिन विहानको कार्यक्रममा वार्ताहरु समावेश गरिन्थे भने वेलुकीको कार्यक्रममा विभिन्न विषयहरुमा प्रस्तुतिहरु हुने गर्दथिए । २९ तारिखको दिन विसर्जन सत्रमा ब्रदर कमलेशले सहभागिहरुलाई सम्बोधन गर्नु भयो र व्यवस्थित ध्यानको आवश्यकताको वारेमा, Egregore शब्दको अर्थको बारेमा व्याख्या गर्नु भयो । एउटा एकिकृत स्पन्दन जसद्वारा अझ वढी जागृती मानव जातिमा आँउन सक्दछ र विश्व अझ राम्रोमा रुपान्तरण हुन सक्छ । ३० तारिखको दिन चिकित्सकहरुको सल्लाह विपरित र ज्वरो र कमजोरीको बाबजुद मालिकले सबै अभ्यासीहरुलाई सत्सङ्ग पछाडि भेटनु भयो ।

## युरोपियन प्रशिक्षकहरु सेमिनार मणपाक्कम १५-२० फेब्रुअरी २०१४

युरोपका करिवजसो सबै देशका करिव ३१० अभ्यासीहरुले सेमिनारमा भाग लिए र जस्ले अभ्यासीहरुलाई आफू स्वयं भित्र रहेको गहिरो प्रतिविम्बित स्थानमा पुर्यायो । मालिकले परिस्कृतताको बारेमा कुरा गर्नु भयो, कसरी सृष्टिका सबै क्षेत्रका मालिकहरुले अनुभव गर्नु गर्नु पर्ने आवश्यकताको लागि प्रयत्न गर्नु पर्ने तिनीहरुको काममा प्रेम गर्नु पर्ने आवश्यकता हुन्छ । ताकि आवश्यक पर्ने विवेकको सुक्ष्म तथा उपयुक्त स्तरहरुमा पुग्न सकियोस र उहाँले केहि कुरा गरिएको र असावधान प्रवृति र प्रेम र निष्ठा पूर्वक गरिएको कामको वीचमा रहेको भिन्नताको वारेमा कुरा गर्नु भयो ।

ब्रदर कमलेशले अर्को वार्तामा उनिहरुले लालाजीको दृष्टिकोणको वारेमा स्मरण गराउनु भयो जसले सबै ब्यक्तिहरुलाई आफुलाई भन्दा बढी प्रेम गर्नु हुन्थ्यो र कसरी वावुजीले सचेतना र परिष्कृतताको अत्यन्त परिमार्जित अवस्थाको वारेमा जोड दिनु हुन्थ्यो । प्रशिक्षकहरु स-साना समुहमा बिभाजित भएर केहि समय कसरी तिनिहरुको धार्मिक पृष्टभूमिले तिनिहरुलाई अझै प्रभावित गर्दछ भन्ने छलफलमा बिताए ।

सबैले यो महशुस गरे कि मालिकले उंहाहरु सबैलाई एउटा पुरानो चित्रकलालाई त्यस्को मौलिक स्वरुपमा पुर्याउन आवश्यकता पर्ने कुशलता सिप र सावधानीको स्तरमा पुग्न प्रोत्साहित गरिदिनु भयो । सरल मार्गमा हामी एउटा विचलित र अलमलिएको ब्यक्तिलाई मौलिक ईश्वरीय अवस्थामा पुग्न पुर्णता स्थापित गर्न गौरवमय संभावना रहेको छ ।

एउटा मानिस त्यस समयमा मात्रै सही मानिस हुन्छ जब उसको दृष्टि उसको आन्तरिक स्वः तर्फमोडिएको हुन्छ । यसैमा नै सत्यताको सही खोजी निहित रहेको हुन्छ । जो यसमा जोडिन्छ, उसले आफ्नो खुट्टा त्यस क्षेत्रमा जमाउँदछ जहाँबाट सबै कुराहरू आफै नै अवतरण हुन्छ । अर्को शब्दमा उसले आफ्नो सम्पर्क मुख्य श्रोतसित जोड्दछ । त्यसपछि गर्नुपर्ने एउटा मात्रै कुरा बाँकी रहन्छ, त्यो हो यसको बिस्तार गर्नु । त्यसको लागि तोकिएको अभ्यास पर्याप्त हुन्छ ।

बाबुजी महाराज

रामचन्द्रको कृति भाग-२, पेज ५९

# नेपाल समाचार

## नेपालका सेन्टरहरुमा मनाइएको बाबुजी महाराजको ११५ औं शुभजन्मोत्सवबारे सक्षिंत रिपोर्ट

पूज्य बाबजी महाराजको शुभजन्मोत्सव नेपालको काठमाण्डौ, विराटनगर, महेन्द्रनगर, बस्तीपुर, भैरहवा, नेपालगंज लगायतका सेन्टरहरुमा हर्षो उल्लासका साथ मनाईयो । सबै जसो सेन्टरहरुमा दिन भरिको कार्यक्रम राखियो । काठमाण्डौं सेन्टरमा बाबुजीको जीवनीबारेको 'लाईफ अफ बाबुजी' को डि. भि. डि. हेरियो । त्यसबाट बाबुजीको निजी जिवन, उहाँको दैनिकि र उहाँको जीवनमा घटेका मुख्य मुख्य घटनाबारे जुन र ामचन्द्रको सम्पूर्ण कुतिमा उल्लेख भएको छ सो बारे उक्त डि. भि. डि. बाट जानकारी पाईयो जो सान्है ने रोचक छ । दिन भरि भण्डाराको बिषेश अनुभव भइरहेको थियो र अभ्यासीहरुले दिनभर प्राणहुतिको अनुभुति गरिरहेका थिए । साँझ ५ बजेको ध्यान पश्चात कार्यक्रम सम्पन्न गरियो ।

## तिरुप्पुर

बाबुजी महाराजको जन्म उत्सव २९, ३० अप्रिल र १ मे. डि.जे .पार्क, तिरुप्पुरमा आयोजना हुने जानकारी सबैलाई थियो । काठमाण्डौं सेन्टरबाट पनि सिस्टर रोजामाया लगायत केहि अभ्यासीहरु भण्डारामा भाग लिन तिरुप्पुर पुगेका थिए । फर्केर काठमाण्डौंमा उहाँले आफ्नो अनुभव सुनाउने क्रममा उहाँले ध्यान कक्षमा स्वयं सेविकाको रुपमा काम गरेको र स्वयं सेविकाको रुपमा कार्य गर्दा मालिकसगं निरन्तर रुपमा जोडिने र ध्यानमा नबस्दा पनि मालिकको कृपा निरन्तर प्राप्त भएको र सो अनुभव पहिलो र अद्भुद रहेको बताउनु भयो । ब्रदर कमलेशको वार्ताबाट ब्रदर दिपक गुरुङ्ग निकै प्रभावित हुनुभएको सिस्टर रोजामायाबाट थाह पाइयो । ब्रदर कमलेशको अल्बर्ट आईन्सटाइनद्वारा प्रतिपादित भौतिकशास्त्रको सिदान्तको आध्यात्मिकतामा सान्दर्भकिता बारेको बार्ता उहाँलाई निकै घतलाग्यो ।

## शाहजँहापुर

नेपालगंज सेन्टरबाट प्रशिक्षक ब्रदर राजीव पौडेल सहित ९ जना अभ्यासीहरु बाबुजी महाराजको जन्मउत्सवको भण्डारामा भागलिन गोला हुदै शाहजहाँपुर जानुभएको थियो । अभ्यासी ब्रदर दिपक बहादुर सिंहले आफ्नो अनुभवको क्रममा भन्नुभयो कि उहाँलाई ध्यान कक्षमा बस्ने वित्तिकै गहिरो ध्यान लाग्ने र 'द्याट्स अल' भनिएको पनि नसुनिने र आँखा खोल्दा ध्यान सत्र सम्पन्न भएको केहि बेर वितिसक्ने बताउनु भयो, उहाँको यो पहिलो अनुभव भएको र त्यो दिब्य वातावरणको अनुभव अद्भुद थियो भन्नुभयो । त्यहाँ सांस्कृतिक कार्यक्रमहरु पनि प्रस्तुत गरिएको थियो । ३० अप्रिलको दिन पुज्य मालिकले दिनुभएको वार्तालाई मणपाक्कमबाट लाईभ टेलिकास्ट गरिएको थियो सो ठुलो पर्दामा देखाइएको थियो ।

यसै गरि भैरहवा सेन्टरबाट सिस्टर पुष्पाकासाथ अभ्यासीहरु भण्डार मा भाग लिन शाहजहाँपुर पुगेका थिए ।

## नयाँ नियेक्ति

सेन्टर ईन्चार्ज गोवा

ब्रदर दत्त प्रसाद विनायक भोसंले

## नयाँ प्रकाशनहरु



Towards Infinity
Tamil



What is Sahaj Marg
Marathi



Ve Kehthe Hain Part 5
Hindi


My Master
Audio Book - Telugu


Reality at Dawn
Audio Book - Bengali


Towards Infinity
Hindi - Audio Book


Sahaj Marg Meanderings
Tamil, Telugu, Hindi, Marathi, Gujarati, Kannada and Malayalam


Reality at Dawn
Audio Book - Malayalam



The Point of Attention
English - DVD



India in the West
English - DVD



In Tune with Nature
English - DVD

## केरला जोनल आश्रम, अलुभा



अलुभामा सत्संङ्ग सञ्चालन गरिएको पहिलो स्थान ब्रदर एम.पि. मधुसुदनको घर थियो । जब अभ्यासीहरुको संख्यामा बृद्धि भयो उहाको घरको पहिलो तलामा एउटा ध्यान हल निर्माण गरियो र सन् १९९४ मा मिशनका तत्कालिन सचिव ब्रदर सरनादजीद्धारा उद्घाटन गरियो ।

मालिकको करेलाको पहिलो औपचारीक भ्रमण ६ सेप्टेम्वर १९९५ मा भयो । माहात्मगान्धी नगर निगम टाउन हलमा अनुभामा भब्य काय ेक्रम आयोजना गरिएको थियो । जसमा ८११ अभ्यासिहरुले भाग लिएका थिए ।

१२ जनवरी १९९६ मा मालिकले ज्यादै नजिकै कडुन्ङ्लर भन्ने गांउमा जग्गा किन्ने स्विकृति प्रदान गर्नु भएको थियो । गहिरो क्षेत्रमा रहेको दुई एकड भन्दा बढि जग्गा किनियो र त्यसलाई रातो माटोले भरियो तथा एउटा गेट र परखाल लगाईयो । यसलाई सहज मार्गम नामाङ्कन गरियो । ७५ सेन्ट जग्गा मिशनको लागि छुट्टाईयो । वांकी जग्गाहरु ५ सेन्टको प्लटहरुमा छुट्टाईयो । अठ्ठाईस जना अभ्यासीहरुले प्रार म्भिक खर्च ब्यहोरे तथा अहिले दशवटा परिवार त्यस क्षेत्रमा बसोवास गर्दछन ।

२५ फ्रुवअरी २१११ मा मालिकले केन्द्रको आफ्नो दोश्रो भ्रमणको अवसरमा आश्रमको उद्घाटन गर्नु भयो । त्यस समयमा आश्रममा उपलब्ध सुबिधाहरुमा ५१११ स्कवा.फिटको ध्यान हल र पहिलाको तलाको तीन तर्फ तीनवटा डोरमेटरी दोश्रो तलामा दुईवटा ठुलो ओ

## प्रकाशको केन्द्र

प्रकृतिको पहिलो र अन्तिम नियम हो केही पनि कुरा मेरो होईन् । तर यदि मेरो माध्यमवाट ईस्वरीय कृपा प्रवाहित हुने संवाहक बने भने म शास्वत बन्न पुग्ने छु किन भने शास्वततालाई शास्वसत सम्वाहकको आवश्यकता पर्दछ जसको माध्यमवाट यो सदैव प्रवाहित हुन सक्दछ ।

पि. राजगोपालाचारी, ६ सेप्टेम्वर १९९५ अलुभा



भरहेड पानिको ट्यांकी थियो । मालिकले अभ्यासिहरु सित जग्गाको केहि प्लट किन्ने सुझाव दिनु भयो र अव बर्तमानमा मिशनको १.१४ एकड जग्गा छ ।

सन् २०११ मा आश्रमको पुन:निर्माण गरियो र केरलाको पारम्परिक निर्माण शैक्ति अनुसार ( भारी बर्षा र धेरै आद्रता ) अगाडिको ढोका स्टिलको प्रयोग, रंगिन जस्ता पाता र धातुको छत भएको बनाईयो । यो कार्य सन् २०१२ को शुरुआतमा नै गरियो । आश्रमको पुनर्निमाणको खिचिएको भिडियो मालिकलाई मणपाक्कममा अर्पण गरियो जसको लागि मालिकले अद्भुत भनेर टिप्पणी गर्नु भयो ।

भण्डराहरुको बिकेन्द्रित आयोजनाहरु आंचालिक मिटिङ्ग प्रशिक्षण कार्यक्रम र प्रशिक्षकहरु मिटिङ्ग यतै आयोजना गरिन्छ । यो आश्रमको औपचारीक लेखाहरुको लागि नोडल बिन्दुको रुपमा SPHT / SRCM प्रकाशन बितरणको रुपमा कार्य गर्दछ । मिशनको केरला स्तरिय सवै गतिबिधिहरुको पनि अलुभावाट नै ब्यवस्थापन गरिन्छ ।







To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2014 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. "Shri Ram Chandra Mission", "Sahaj Marg", "SRCM", "Constant Remembrance" and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.